प्रस्तावहरूः

१. शिक्षक दरवन्दी मिलानसम्बन्धमा।

२. शिक्षक काजमा सम्बन्धमा।

३. राष्ट्रपति रिनङशिल्ड प्रतियोगिता सम्बन्धमा।

४. शिक्षक सम्मान तथा क्षमता विकास कार्यक्रम सम्बन्धमा

५. शैक्षिक क्यालेन्डर निर्माण सम्बन्धमा

६. कृषि कार्यक्रम सञ्चालन सम्बन्धमा।

७. पकेट कार्यक्रम सञ्चालन सम्बन्धमा।

८. अस्पतालको डिपिआरसम्बन्धमा।

९. सोलार लाइटको लागतअनुमान स्वीकृत सम्बन्धमा।

१०. नदीजन्य पदार्थ उत्खननको लागि ठेक्का सम्झौता सम्बन्धमा।

११. सडक बोर्ड नेपालबाट सन्चालन गरिने योजनाको छनोट सम्बन्धमा।

१२. चितेपानी समिभन्ज्याङ सडक स्तरोन्नती सम्बन्धमा।

१३. योजना संशोधन सम्बन्धमा।

१४. म्याद थप संबन्धमा।

१५. COVID कोषबाट खर्च संबन्धमा।

१६. शहरी स्वास्थ्य केन्द्र स्थापना संबन्धमा।

उल्लेखित प्रस्तावहरूमाथि छलफल गरी प्रस्तावगत देहायअनुसारका निर्यणहरू गरियो।

**प्रस्ताव १: शिक्षक दरवन्दी मिलानसम्बन्धमा।**

निर्णयः शिक्षा तथा मानवस्रोत विकास केन्द्रको चको शिक्षक १२।११।२०७६ मिति १८९ .नं. मा शुन्य भएको १२-११ दरबन्दी मिलान तथा व्यवस्थापनसम्बन्धी पत्रबाट मौजुदा दरबन्दी मावि दरबन्दीमा शिक्षकहरू कार्यरत रहेको हुनाले खुद १० तर नगरपालिका भित्रका विद्यालयहरूमा पुल दरबन्दी ३१०+=१३ हुने अवस्था रहेकोले शैक्षिक सत्र २०७७ मा विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या, शिक्षा तथा मानवस्रोत विकास केन्द्रको मिति २०७७।५।२९ चको १९.नं. पत्रबाट तोकिएका आधारहरू र शिक्षक दरबन्दी(मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६

आधारमा देहायअनुसार विद्यालयगत प्राथमिक तहको शिक्षक दरबन्दी (माध्यमिक तथा आधारभूत तहको मौजुदा शिक्षक दरबन्दीसमेतका आधारमा) कायम गर्ने निर्णय गरियो।

| शैक्षक सत्र २०७७ | | | | G0 Total | | | G1-5 | | | STR | कार्यरत सङ्ख्या | कायम दरवन्दी | मलानपछि कार्यरत काजसहित | कैफयत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| S.No. | Name | Grade | ECD | Girls | Boys | Total | Girls | Boys | Total | | | | | |
| 1 | Devisthan Pra V | 1-3 | 1 | 5 | 5 | 10 | 1 | 4 | 5 | 5 | 1 | २ | १ | |
| 2 | Bal Jyoti Ma V | 1-10 | 1 | 12 | 12 | 24 | 17 | 24 | 41 | 5 | 8 | ८ | ८ | |
| 3 | Kalyan Ma V | 1-10 | 1 | 12 | 13 | 25 | 22 | 25 | 47 | 6 | 8 | ८ | ८ | १ खुल पुल |
| 4 | Jana Jyoti Pra V | 1-3 | | 3 | 1 | 4 | 3 | 1 | 4 | 2 | 2 | २ | २ | |
| 5 | Siddha Pra V | 1-5 | 1 | 15 | 22 | 37 | 31 | 22 | 53 | 13 | 4 | ३ | ४ | १ खुल पुल |
| 6 | Akala Pra V | 1-3 | | 3 | 7 | 10 | 7 | 6 | 13 | 13 | 1 | २ | २ | |
| 7 | Jwala Pra V | 1-5 | 1 | 12 | 16 | 28 | 13 | 19 | 32 | 11 | 3 | ३ | ३ | |
| 8 | Gauri Shankar Pra V | 1-5 | | 1 | 4 | 5 | 3 | 10 | 13 | 4 | 3 | ३ | ३ | |
| 9 | Jana Kalyan Pra V halesi | 1-5 | 1 | 2 | 4 | 6 | 14 | 12 | 26 | 9 | 3 | ३ | ३ | |
| 10 | Ishaneshwor Ma V | 1-12 | 1 | 23 | 29 | 52 | 57 | 62 | 119 | 15 | 8 | ८ | ८ | |
| 11 | Laxmi Pra V | 1-5 | 2 | 21 | 15 | 36 | 30 | 31 | 61 | 12 | 5 | ३ | ५ | |
| 12 | Jana Mandir Ma V | 1-10 | 1 | 7 | 21 | 28 | 33 | 35 | 68 | 8 | 9 | ९ | ९ | |
| 13 | Shaileshwori Pra V | 1-5 | 1 | 3 | 2 | 5 | 7 | 10 | 17 | 6 | 3 | ३ | ३ | |
| 14 | Kusumakar Ma V | 1-12 | 1 | 17 | 15 | 32 | 70 | 63 | 133 | 17 | 8 | ८ | ८ | |
| 15 | Sarwa Nandan Pra V | 1-3 | 1 | 2 | 5 | 7 | 12 | 5 | 17 | 6 | 3 | ३ | ३ | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 16 | Shanti Shakti Pra V | 1-3 | 1 | 6 | 3 | 9 | 3 | 1 | 4 | 1 | 3 | २ | २ | |
| 17 | Surya Jyoti Ma V | 1-10 | 1 | 12 | 12 | 24 | 14 | 24 | 38 | 4 | 9 | ८ | ८ | |
| 18 | Sapta Dhara Ma V | 1-10 | 1 | 9 | 4 | 13 | 30 | 22 | 52 | 9 | 6 | ५ | ५ | १ खुल पुल |
| 19 | Sapta Kanya Pra V | 1-5 | | 3 | 13 | 16 | 13 | 5 | 18 | 6 | 3 | ३ | ३ | |
| 20 | Bishwo Jyoti Pra V | 1-5 | 1 | 4 | 4 | 8 | 11 | 7 | 18 | 6 | 3 | ३ | ३ | |
| 21 | Bindheshwori Pra V | 1-3 | | 8 | 8 | 16 | 13 | 5 | 18 | 6 | 3 | २ | २ | १ खुल पुल |
| 22 | Bhume Pra V | 1-3 | | 0 | 0 | 0 | 12 | 3 | 15 | 8 | 2 | २ | २ | |
| 23 | Jana Kalyan Pra V KALYAN | 1-5 | 1 | 2 | 14 | 16 | 17 | 18 | 35 | 12 | 3 | ३ | ३ | |
| 24 | Daduwa Durchha Ma V | 1-10 | 1 | 6 | 8 | 14 | 34 | 27 | 61 | 9 | 7 | ७ | ७ | |
| 25 | Karapu Kalyan Majuwa Adharbhut Vidyalaya | 1-8 | 1 | 1 | 6 | 7 | 16 | 11 | 27 | 7 | 4 | ४ | ४ | |
| 26 | Janashram Pra V | 1-5 | 1 | 0 | 3 | 3 | 4 | 12 | 16 | 4 | 4 | ३ | ३ | १ खुल पुल |
| 27 | Sarada Sadan Pra V | 1-5 | 1 | 0 | 0 | 12 | 9 | 10 | 19 | 6 | 3 | ३ | ३ | |
| 28 | Jana Priya Pra V | 1-5 | 1 | 3 | 3 | 6 | 2 | 4 | 6 | 2 | 3 | ३ | २ | १ खुल पुल |
| 29 | Ganesh Malika Ma V | 1-12 | | 0 | 0 | 0 | 3 | 5 | 8 | 2 | 5 | ३ | ३ | |
| 30 | Bhawana Pra V | 1-3 | | 0 | 0 | 0 | 2 | 1 | 3 | 3 | 1 | २ | १ | |
| 31 | Siddhi Binayak Adharbhut Vidyalaya | 1-8 | 2 | 5 | 7 | 12 | 6 | 20 | 26 | 4 | 7 | ७ | ७ | १ खुल पुल |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 32 | Bal Kalyan Pra V | 1-3 | 1 | 5 | 4 | 9 | 7 | 5 | 12 | 12 | 1 | २ | २ | |
| 33 | Bhairab Kali Ma V | 1-12 | 1 | 36 | 45 | 81 | 115 | 107 | 222 | 19 | 12 | ११ | १२ | १ खुल पुल |
| 34 | Malika Adharbhut Vidyalaya | 1-8 | 1 | 1 | 3 | 4 | 8 | 12 | 20 | 5 | 4 | ४ | ४ | |
| 35 | Samjhana Ma V | 1-10 | 1 | 4 | 3 | 7 | 12 | 10 | 22 | 3 | 7 | ५ | ५ | १ खुल पुल |
| 36 | Mahendri Pra V | 1-5 | | 0 | 0 | 0 | 3 | 3 | 6 | 3 | 2 | ३ | १ | |
| 37 | Bhawani Pra V | 1-5 | | 10 | 8 | 18 | 8 | 15 | 23 | 6 | 4 | ३ | ४ | |
| 38 | Ram Balodaya Adharbhut Vidyalaya | 1-8 | 1 | 6 | 5 | 11 | 11 | 15 | 26 | 5 | 5 | ५ | ५ | |
| 39 | Mangala Ma V | 1-12 | 1 | 52 | 71 | 123 | 102 | 140 | 242 | 22 | 11 | ११ | १२ | |
| 40 | Suryodaya Pra V | 1-5 | 1 | 1 | 3 | 4 | 5 | 4 | 9 | 3 | 3 | ३ | २ | |
| 41 | Bal Bikash Ma V | 1-10 | 1 | 5 | 11 | 16 | 19 | 20 | 39 | 7 | 6 | ६ | ६ | |
| 42 | Chandra Jyoti Pra V | 1-5 | 1 | 5 | 5 | 10 | 9 | 20 | 29 | 7 | 4 | ३ | ४ | |
| 43 | Mahendri Ganga Pra V | 1-3 | 1 | 4 | 6 | 10 | 2 | 2 | 4 | 2 | 2 | २ | २ | |
| | | | 35 | | | | | | | | 196 | 186 | 187 | |

## प्रस्ताव २: शिक्षक काजमा सम्बन्धमा।

निर्णयः शिक्षकको दरबन्दी मिलान पश्चात तय भएको दरबन्दी सङ्ख्या र हाल विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्याको आधारमा शिक्षकहरूलाई देहायअनुसार काज खटाउने निर्णय गरियो।

| क्र.सं. | काज खटाइएको विद्यालय | साविक पदाधिकार रहेको विद्यालय | काज खटाइएको शिक्षकको नाम |
|---|---|---|---|
| १ | कल्याण मावि | शारदा सदन प्राविं | पुष्कर पौडेल |
| २ | सिद्ध प्रावि | शारदा सदन प्रावि | विवेक ढुङ्गाना |
| ३ | अकला प्रावि | माहिन्द्र प्रावि | शिला सापकोटा |
| ४ | सूर्यज्योति मावि | बालविकास मावि | अस्मिता ढकाल |

| | | | |
|---|---|---|---|
| ५ | शारदा सदन प्रावि | गणेश मालिका मावि | नन्दकुमारी धिङ्गल र मनकुमारी दुरा |
| ६ | भावना प्रावि | सूर्योदय प्रावि | नवराज अधिकारी |
| ७ | सिद्धिविनायक आवि | सूर्यज्योति मावि | विन्दु श्रेष्ठ |
| ८ | बालकल्याण प्रावि | सम्झना मावि | सुदिप भुजेल |
| ९ | भैरबकाली मावि | सिद्धि विनायक आ वि(वालविकास) र भावना प्रावि | दिपा कुमाल (बाल शिक्षक) र संगीता चौधरी |
| १० | मङ्गला मावि | सूर्यज्योति मावि | धनप्रसाद रिमाल |
| ११ | बालविकास मावि | शान्तिशक्ति प्रावि | विद्यादेवी घिमिरे |

**प्रस्ताव ३: राष्ट्रपति रिनङशिल्ड प्रतियोगिता सम्बन्धमा ।**

निर्णयः यस आर्थिक बर्षमा मध्यनेपाल नगरपालिका तहमा सन्चालन हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि सशर्ततर्फको बजेट नपुग हुने भएकोले राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सन्चालन तथा व्यवस्थापनको लागि नगर प्रमुख आर्थिक सहयोग कार्याक्रमबाट रु २ लाख रकम छुट्याउने निर्णय गरियो

**४. शिक्षक सम्मान कार्यक्रम सम्बन्धमा ।**

निर्णयः शिक्षकहरूलाई उत्प्रेरित गर्न तथा कार्यसम्पादनका आधारमा शिक्षकहरूलाई सम्मान तथा पुरस्कृत गर्न नगरप्रमुख आर्थिक सहयोग कार्यक्रमबाट रु १ लाख छुट्याउने निर्णय गरियो ।

**५. शैक्षिक क्यालेन्डर निर्माण सम्बन्धमा ।**

निर्णयः शैक्षिक सत्र २०७८ तथा नयाँ बर्ष २०७८ को नगरस्तरीय शैक्षिक क्यालेन्डर निर्माण गर्न नगरप्रमुख आर्थिक सहयोग कार्यक्रमबाट रू १ लाख छुट्याउने निर्णय गरियो ।

६. **कृषि कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

निर्णयः नेपाल सरकारको सशर्त अनुदान तर्फको राष्ट्रिय फलफुल विकास कार्यक्रम अर्न्तगत फलफुल दशक अर्न्तगत स्थानीय तहमा सुन्तला जात (सुन्तला, कागती, जुनार) विरुवा रोपण अभियान कार्यक्रम (५० % अनुदान) मा सुन्तला जात (सुन्तला, कागती, जुनार) बाहेक यस नगरपालिकामा भौगोलिक उपयुक्तता र कृषकको मागबमोजिम अन्य फलफुलहरु अमिलो जातहरु, केरा, मेवा, आँप, लिचि, एभोकाडो, ड्रागन फ्रुट आदी समेत समेटी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**७. पकेट कार्यक्रम सञ्चालन सम्बन्धमा।**

निर्णयः प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत राष्ट्रिय र स्थानीय महत्वका खाध्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र ( पकेट) विकास कार्यक्रम यस नगरपालिकाको वडा नं ९ र १० मा श्री मालिका परिश्रमी कृषक समूहमार्फत मौरी पकेट, वडा नं ७ मा श्री ईशानेश्वर साना किसान कृषि सहकारी संस्था लिमिटेडमार्फत केरा पकेट र वडा नं ४ मा भविष्य निर्माण कृषक समूह मार्फत केरा पकेट कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**८. अस्पतालको डिपिआरसम्बन्धमा।**

निर्णयः मध्यनेपाल नगरपालिका वडा नं ३ मा निर्माण हुन शुरू भईरहेको १५ शैयाको अस्पतालको डिपिआर,यसको लागत, लगत इस्टिमेट, ड्रइङ् डिजाइन अनुमोदन गर्ने निर्णय गरियो।

**९. सोलार लाइटको लागतअनुमान स्वीकृत सम्बन्धमा।**

निर्णयः नगरपालिका भित्र जडान हुने सोलार लाइटको लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो।

**१०. नदीजन्य पदार्थ उत्खनन्को लागि ठेक्का सम्झौता सम्बन्धमा।**

निर्णयः आ.ब. २०७७/७८ को लागि नदीजन्य पदार्थ उत्खनन तथा निकासीको लागि पेश भएका दररभाउपत्र हरु मध्य मादी नदी एकुवार रुदी दोवान खण्ड ठेक्कानं २/०७७/७८ का लागि सारभूतरुपमा प्रभावग्राही रहेको साबित्री निर्माण सेवा पोखरालाइ ७ दिन भित्र ठेक्का स झौता गर्न आउने भनी २०७७/८/१४ मा पत्राचार गरिएकोमा उक्त फर्मले २०७७/९/२१ मा सं झौता गरी पाउ भनी निवेदन पेश गरेकोले उक्त फर्मस ग नगर्दा अन्य बैकल्पिक फर्म समेत नरहेको अवस्थामा नदीजन्य पदार्थ चोरी निकासी हुन जाने साथै नगरपालिकाको आन्तरिक आम्दानी समेत नहुने देखिदा उक्त फर्मसंग संझौता गर्ने निर्णय गरियो।

**११. सडक बोर्ड नेपालबाट सन्चालन गरिने योजनाको छनोट सम्बन्धमा ।**

निर्णयः आ.ब. ०७७/७८ कका लागि सडक बोर्ड नेपालबाट प्राप्त अनुदान तथा नगरपालिकको समपुरक कोषबाट तपसिल बमोजिमका सडकहरु स्तरउन्नति गर्ने निर्णय गरियो ।

**तपसिलः**

क. भोर्लेटार बाङ्ग्रेबेसी हाडीखोला सडक

ख. सोती पसल पाण्डेगाउ जिताकोट बिमिरे भन्जाङ् सडक

**१२.चितेपानी समिभन्ज्याङ सडक स्तरोन्नती सम्बन्धमा** ।

निर्णयः आ.ब.०७७/७८ को स्वीकृत बार्षिक कार्याक्रम अन्तर्गत वडा नं ५ मा रहेको चितेपानी समीभन्जाङ् सडक स्तरउन्नति तर्फको रु. २० लाख लाइ सोही सडकको चितेपानी बाउदीखोला खण्डमा structural कार्०को लागि १४ लाख र बाउदीखोला समी भन्जाङ् खण्डमा tract चौडा तथा मोड सुधारका लागि ६ लाख खर्च गर्ने गरी योजना संशोधन गर्ने निर्णय गरियो ।

**१३.योजना संशोधन सम्बन्धमा ।**

निर्णयः

क. आ.ब.२०७७/७८ को बार्षिक कार्यक्रम अन्तर्गत वडा नं ६ मा रहेको पिस्ती खोला घाट मर्मततर्फको रु एक लाखलाई सोही घाटमा रहेको स्तम्भ मर्मततर्फ रू ५० हजार र एकादशी पूजा व्यवस्थापनतर्फ रु ५० हजार गरी संशोधन गर्ने निर्णय गरियो ।

ख. नगरस्तरीय योजना अन्तर्गत मंगला मा.वि. प्रबिधिक शिक्षा संचालन तर्फ विनियोजन भएको रु.१५ लाख लाइ प्रविधिक शिक्षा तर्फ प्रयोगात्मक सामाग्री खरिद गर्न रु. १० लाख र प्रयोगशाला निर्माण व्यवस्थापन तर्फ रु. ५ लाख खर्च गर्नेगरी संशोधन गर्ने निर्णय गरियो ।

ग. नगरस्तरीय योजना अन्तर्गत क्याम्पस अनुदान तर्फको रु. १५ लाखमध्ये इशानेश्वर क्याम्पस भोर्लेटारलाई रु.५ लाख, पुष्पलता जनएकता क्याम्पस दुईपिप्लेलाई रु. ५ लाख र मंगला क्याम्पस सोतीपसललाइ रु. ५ लाख हुनेगरी योजना संशोधन गरियो ।

ग. नगरस्तरीय योजना अन्तर्गत डाडागाउ नेवार समाज भवन निर्माण वडा नं १ अन्तर्गत रु.२ लाखलाई सोही वडाको डाडागाउ नेवार समाज भवन मर्मत तर्फ खर्च गर्ने निर्णय गरियो ।

घ. वडास्तरीय कार्याक्रम तर्फ वडा नं ३ को ज्यामिरे खेत कुलो मर्मत तर्फको १ लाई सोही वडा को लामाखेत कटुजे कुलो मर्मत तर्फ विनियोजित १ लाखमा थप गरी २ लाख बनाउने निर्णय गरियो ।

ङ. वडास्तरीय कार्याक्रम अन्तर्गत वडा नं ५ को कायापलट असल शासन क्लब खेलकुद कार्यक्रम तर्फको रु.१ लाख लाई सोही वडा कार्यालयको व्यवस्थापन तथा मर्मत कार्याक्रम तर्फ खर्च गर्ने निर्णय गरियो ।

च. वडास्तरीय कार्याक्रम अन्तर्गत वडा नं १० को गणेश मंदीर गुम्बा जाने बाटो तर्फ विनियवजित २ लाखलाई सोही वडाको ठाडो टोल जाने बाटो निर्माणमा खर्च गर्ने निर्णय गरियो ।

छ. यस आ व मा वडा नं ७ मा रहेको धार्जे खोला प्रतिक्षालय निर्माणको लागि विनियोजित रु २ लाखलाई सोही वडाको कृषि आधुनिकीकरण तर्फ रु १ लाख र सन्तेको डिही दोभान जाने मोटरबाटोको लागि रु १ लाख गरी संशोधन गर्ने निर्णय गरियो ।

ज. यस नगरपालिकाको वडा नं १० मा आयोजना हुने राष्ट्रिय दुरा सम्मेलन तथा सांस्कृतिक कार्यक्रमका लागि नगर प्रमुख आर्थिक सहायता कोषबाट रु १ लाख सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

झ. गण्डकी प्रदेशको प्रतिनिधित्व गर्दै एन्फा प्रेसिडेन्ट कप २०७७ मा खेल्न जाने लमजुङको त्रिवेणी क्लवका खेलाडीहरुको व्यवस्थापनको लागि रु १ लाख कोभिड कोषबाट उपलब्ध गराई सहयोग गर्ने निर्णय गरियो ।

ञ.

ट. प्रधानमंत्री रोजगार कार्याक्रम अन्तर्गतका निम्न योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

- ✓ वडा नं ६ को राङ्दीखोला दोभान देखि ढाडखोला दोभानसम्म तटबन्दको सट्टामा भोर्लेदेखि अकला जाने सिढी निर्माण
- ✓ वडा नं ७ को सार्की सेवा समाज जाने सिढी निर्माणको सट्टामा सालबोटेबाट दुईधारे पधेरो जाने सिढी निर्माण ।
- ✓ वडा नं ९ को बाल ज्योति मा.बि. पर्खाल निर्माणको सट्टामा भंगेरको थान देखि ग्यावीथुम डाडासम्म जाने सिढी निर्माण ।

**१४.म्याद थप संबन्धमा।**

निर्णयः क. यस नगरपालिका अन्तर्गत वडा नं १ मा संचालित covid 19 अस्पतालमा कार्यरत कार्यारत कर्मचारी जना ४ चिकित्सक १ स्टाप नर्स २ कार्यालय सहयोगी १ लाई ३ महिनाको तलब भत्ता प्राप्त भएको तर हालसम्म नीजहरुको तलब भत्ता बापतको रकम प्राप्त हुन नआएको हुदा फागुन १५ देखि असारमसान्त सम्मको तलब भत्ता covid कोषबाट खर्च लेख्ने गरी नीज कर्मचारीहरुको म्याद असारमसान्त सम्मको लागि थप गर्ने निर्णय गरियो।

ख बार्षिक कार्याक्रम अनुसार स्वीकृत योजनाहरुको संझौता गर्ने म्याद फागुनमसान्त सम्म गर्ने निर्णय भएकोमा यसलाई चैत्र १५ गतेसम्मका लागि थप गर्ने निर्णय गरियो।

**१५.COVID कोषबाट खर्च संबन्धमा।**

क. वडा नं ४ को चर्दी आगे कुलो निर्माणको लागि कोभिड कोषबाट रु १ लाख छुट्याउने निर्णय गरियो।

ख. २०७७ को वर्षायाममा गएको वाढी पहिरोको कारण पुरानो डिही लामासोती खण्डमा रहेको फोहोर सरसफाई तथा तटबदवन्धन निर्माणको लागि कोभिड कोषबाट रु ५ लाख छुट्याउने निर्णय गरियो।

ग. जिल्ला प्रहरी कार्यालय लमजुङमा बन्ने हुने बाल मैत्री कक्ष निर्माणका लागि रु ३ लाख कोभिड कोषबाट उपलब्ध गराउने निर्णय गरियो।

- ✓ वडा नं ६ को हल्लेसी खानेपानी आयोजना अन्तर्गत खानेपानी मीटर प्राप्त नगरेका घरहरुलाई खानेपानीको मीटर व्यवस्थापनका लागि नगर प्रमुख सहायता कोषबाट उपलब्ध गराउने निर्णय गरियो।
- ✓ आगो लागीबाट क्षतिग्रस्त भएका गस नगरपालिका वडा नं १ स्थित चिनारी बाख्रा फार्मलाई राहात स्वरुप दोहोरो नपर्ने गरी रु. १ लाख नगर प्रमुख राहात कोषबाट उपलब्ध गराउने निर्णय गरियो।

१७. १६. शहरी स्वास्थ्य केन्द्र स्थापना संबन्धमा।

वडा नं ७ को लक्ष्मी बजारमा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने निर्णय गरियो।